जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- ५२ २०८२ साल भाद्र ३१ मंगलवार ( September 16, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## डडेल्धुराको अमरगढीमा खाद्य विषाक्तता: १२ जना बिरामी, सबैको अवस्था सामान्य

बिगूल समाचार
३१ भाद्र २०८२




डडेल्धुरा । डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका वडा नम्बर १०, तल्लो बुडालीमा एक श्रद्धा कार्यक्रममा खाना खाएका १२ जना स्थानीयलाई खाद्य विषाक्तता भएको छ । खाना खाएपछि उनीहरूलाई पखाला लाग्ने, ज्वरो आउने र वाकवाकी लाग्नेजस्ता लक्षण देखिएको थियो ।

बिरामीमध्ये ४ जनालाई घरमै र ८ जनालाई सहस्रलिङ्ग स्वास्थ्य चौकी, राइमा स्वास्थ्यकर्मीको टोलीले उपचार गरेको छ। अमरगढी नगर पालिकाको स्वास्थ्य शाखा, स्याउले स्वास्थ्य चौकी र सहस्रलिङ्ग स्वास्थ्य चौकीबाट खटिएको टोलीले उनीहरूको उपचार गरेको हो ।

स्याउले स्वास्थ्य चौकीका इन्चार्ज भोज पालका अनुसार, खाद्य विषाक्तताको कारणबारे यकिन हुन सकेको छैन । तर उपचारपछि सबै बिरामीको अवस्था सामान्य रहेको र उनीहरू घर फर्किसकेको जनाइएको छ। यस घटनाले स्थानीयहरूमा केही त्रास फैलाए पनि सबैको अवस्था सामान्य भएपछि उनीहरूले राहतको सास फेरेका छन् ।

## आलोक मल्टी कन्सर्न प्रालिले सरकारी कार्यालयलाई फर्निचर सहयोग गर्ने

बिगूल समाचार
३१ भाद्र २०८२




धनगढी, ३० भाद्र । जेन-जी आन्दोलनका कारण सुदूरपश्चिम प्रदेशका विभिन्न सरकारी कार्यालयमा पुगेको क्षतिपछि सेवा सञ्चालनमा कठिनाइ आएपछि आलोक मल्टी कन्सर्न प्रालि धनगढी-४, चटकपुरले सहयोग गर्ने घोषणा गरेको छ ।

कम्पनीका अनुसार यसअघि आगलागीबाट ठुलो क्षति व्यहोरे पनि आम जनसमुदाय, व्यवसायी तथा उद्योग वाणिज्य संघलगायतको सहयोग र हौसलाका कारण पुन: सञ्चालनमा फर्कन सफल भएको अनुभवका आधारमा यो सहयोग गर्ने निर्णय गरिएको हो ।

“समाज, समुदाय र राष्ट्रिय हितप्रति हाम्रो प्रतिबद्धता कायम छ,” कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ, “यसै भावनाले प्रेरित भएर सरकारी कार्यालयहरूको सहज सञ्चालनका लागि आवश्यक फर्निचर उपलब्ध गराउने निर्णय गरेका छौं ।”

## जेनजी आन्दोलनमा भएका घटनाको छानबिन गर्न न्यायिक समिति गठन गर्ने सरकारको निर्णय

बिगूल समाचार
३१ भाद्र २०८२

काठमाडौं । सरकारले जेनजी आन्दोलनमा भएका घटनाबारे छानबिन गर्न न्यायिक समिति गठन गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री सुशिला कार्की नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले यस्तो निर्णय गरेको हो ।

कानून मन्त्री ओमप्रकाश अर्यालका अनुसार जेनजीको आन्दोलनमा भएका घटनाको छानविन गर्न न्यायिक समिति गठन गर्ने निर्णय गरेको हो । उनका अनुसार पूर्वन्यायाधीशको अध्यक्षतामा हुनेछ ।

त्यस्तै, आन्दोलनमा ज्यान गुमाएकालाई शहीद घोषणा गर्ने तथा उनीहरुका परिवारलाई राहत तथा क्षतिपूर्तिवाफत यस अघि उपलब्ध गराइदैं आएको १० लाखममा थप ५ लाख थप गरेर १५ लाख उपलबध गराउने बैठकले निर्णय गरेको छ ।

सबै क्षति भएको निजी तथा सार्वजनिक संरचनाको पुर्ननिर्माण गर्न पुर्ननिर्माण कोष स्थापना गर्ने र उक्त कोषमा र कम जम्मा गर्नका लागि सबैलाई आव्हान गर्ने बैठकले निर्णय भएको छ । बैठकले जेनजी आन्दोलनमा ज्यान गुमाउने युवाको सम्झनामा जेनजी जागरण स्मारक पार्क निर्माण गर्ने योजना निर्माण गर्नका लागि शहरी विकास मन्त्रालयलाई जिम्मेवारी दिएको छ ।

सुचना ! सुचना ! सुचना !

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १० को कार्यालय
डडेल्धुरा

अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

दुर्गाथली गाउँपालिका बझाङ्ग को अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बझाङ्ग

## सम्पादकीय

### दलहरूका लागि अन्तिम चेतावनी : सुधार वा अवसान

राजनीतिक संक्रमण र अस्थिरताले थिचिएको नेपाल फेरि एकपटक संवैधानिक संकटको किनारामा पुगेको थियो । सुरक्षासंयन्त्र कमजोर हुँदा २४ भदौमा देखिएको अवस्था केही दिन लम्बिएको भए संविधानमात्र होइन, राष्ट्रिय स्वाधीनता नै धरापमा पर्ने खतरा स्पष्ट थियो । यस्तो अवस्थामा राष्ट्रपतिले देखाएको दृढतापूर्ण कदमप्रति सबै राजनीतिक दलले आभार प्रकट गर्नुपर्ने थियो तर उल्टै संसद् विघटनलाई लिएर प्रमुख दलहरूले एक-अर्कामाथि खोँचे थाप्ने काम गरे । यो गैरजिम्मेवार व्यवहारले संकट समाधानको बाटो अझै जटिल बनाउन सक्छ ।

आज मुलुकको यथार्थलाई नजिकबाट हेर्ने हो भने, आमनागरिकको मुखबाट एउटै कुरा सुनिन्छ। 'राजनीतिक दलका नेताहरूको भ्रष्टाचार, कुशासन र स्वार्थकै कारण आज यस्तो अवस्था आएको हो ।' गाउँघरका चौतारीदेखि सहरका चिया पसलसम्म यही गुनासो दोहोरिन्छ। जनतामा यस्तो धारणा बनिसकेको बेलामा दलहरूले आत्मालोचना गरेर आफ्नो कमजोरी सुधार्नुको सट्टा बहानाबाजी गर्नु अझै विनाशकारी साबित हुन्छ। जसरी लोकतन्त्रको विकल्प अझै समुन्नत लोकतन्त्र हो, त्यसरी नै बहुदलीय व्यवस्थामा दलहरूको विकल्प भनेकै अझ परिष्कृत दलहरू हुन्। तर अहिलेको अवस्था हेर्दा ठुला दलहरूले समयमै आफूलाई सुधार्न सकेनन् भने संविधान र बहुलवाद दुवै जोखिममा पर्ने निश्चित देखिन्छ ।

पछिल्ला महिनाहरूमा राजनीतिक दलप्रतिको आस्था कमजोर हुँदै गएको तथ्यलाई कसैले नकार्न सक्दैन । युवापुस्ताले मात्र होइन, मध्यम उमेरका आम नागरिकले समेत दलहरूबाट टाढिन थालेका छन्। स्वतन्त्र वा निर्दलीय नाममा नयाँ राजनीतिक सम्भावनाको खोजी भइरहेको छ । नवोदित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हुँदै मन्त्रीसम्म बनेकी सुमना श्रेष्ठले समेत पार्टी परित्याग गरेर स्वतन्त्र भएको घोषणा गर्नु एउटा ठुलो सन्देश हो। उनले दलभित्रका कमजोरीबारे उठाएका प्रश्नहरू केवल रास्वपामात्र होइन, देशका सबैजसो ठुला-साना दलहरूमा समान रूपमा लागू हुन्छन् । यसबाट स्पष्ट हुन्छ की दलहरू सच्चिन ढिलो गरे नयाँ पुस्ताले तिनलाई अस्वीकार गर्न ढिलाइ गर्दैन । यस्तै सन्दर्भमा आउँदो २१ फागुनका लागि प्रतिनिधिसभा निर्वाचनको मिति घोषणा भइसकेको छ । तर जनताले भोट हाल्ने आधार के हुने हो भन्ने प्रश्न अझै अनुत्तरित छ । किनकि अहिलेको परिस्थितिमा कुनै पनि दलले जनतालाई विश्वास दिलाउने खालको नेतृत्व प्रस्तुत गर्न सकेका छैनन् । बरु परिवर्तनको नेतृत्व युवा पुस्ताको भावना र आकांक्षाले गरेको देखिन्छ। तर यो भावना सशक्त संगठनमा परिणत हुन सकेन भने जनताले भोट हाल्ने दल वा व्यक्तिसमेत फेला नपर्ने अवस्था आउन सक्छ। त्यो अवस्था नै वर्तमान शासन व्यवस्थाको अवसान हुनेछ ।

नेपाली कांग्रेस, एमाले, माओवादीजस्ता दलहरूको सात दशक लामो इतिहास, आन्दोलन र बलिदान छ । यी दलका हजारौँ इमानदार, सक्षम र त्यागी कार्यकर्ताहरू अझै सक्रिय छन्। तर विडम्बना के छ भने सत्ताको शीर्ष स्थानमा असक्षम र भ्रष्ट मानिएका नेताहरू निरन्तर टिकिरहने प्रवृति निरन्तर नै छ। यही कारणले युवा पुस्ता प्रश्न गर्छ ? "जब इमानदार कार्यकर्ता छन् भने किन उनीहरू आजीवन भ्रष्ट नेताको छायामुनि बसिरहेका छन ?" यो प्रश्न जेनजी आन्दोलनमार्फत अझ तीव्र रूपमा उठिसकेको छ ।

अब ढिलाइ गर्ने समय छैन। यदि दलभित्रका युवानेता वा इमानदार कार्यकर्ताले आफूलाई सक्षम ठान्छन् भने दलभित्रको पुरानो नेतृत्वशैलीलाई चुनौती दिनुपर्ने बेला यही हो । समयले कसैलाई पर्खँदैन । दलहरूले अझै पनि भ्रष्टाचार, स्वार्थ र कुशासनमै डुबिरहन चाहे भने जनताले तिनलाई अस्वीकार गर्न धेरै समय लाग्दैन । इतिहासका पानामा सीमित हुने या अझ परिष्कृत स्वरूपमा पुनर्जीवित हुने भन्ने निर्णय अब दलहरूले नै लिनुपर्छ ।

देशलाई स्थायित्व, सुशासन र विश्वास दिलाउने जिम्मेवारी फेरि पनि दलकै काँधमा छ । राष्ट्रपति पौडेलले देखाएको दृढता एकपटकको निकास हुन सक्छ तर दीर्घकालीन समाधान राजनीतिक दलहरूको आत्मसुधारबाहेक अरु केही होइन। यदि दलहरूले सुधारको बाटो रोजेनन् भने संविधान मात्र होइन, बहुदलीय लोकतन्त्रकै अस्तित्व संकटमा पर्नेछ । अहिले दलहरूका लागि यही अन्तिम चेतावनी हो । सुधार गर्ने या अवसान स्वीकार्ने ।

# जेनजी आन्दोलन पछिको राजनीतिक परिदृश्य



**आरपी गैरे**

**नेपालको पछिल्लो राजनीतिक मोड, जेनजी आन्दोलनपश्चात देखिएको अवस्था, केवल सरकार फेरबदल वा संसद् विघटनको मामुली कुरा होइन, बरु सत्ता र नागरिकबीचको सम्बन्धलाई पुनःपरिभाषित गर्ने ऐतिहासिक घडी हो ।**

अन्ततः जनदबाबको सामुअघि नतमस्तक हुन बाध्य सत्ता संरचनाले आफूलाई जोगाउनका लागि अन्तरिम सरकार गठन गर्नुपर्यो र नेतृत्वको जिम्मा सुशीला कार्कीलाई सुम्पियो । यो घटना केवल एउटा राजनीतिक नियुक्ति मात्र नभई दशकौँदेखि लुटिएका, उपेक्षित र दमनमा परेको जनचेतनाको बिस्फोट हो। आन्दोलनलाई दमन गरेर नियन्त्रण गर्न सकिन्छ भन्ने पुरानो अभ्यास यो पटक असफल भयो । त्यसले एक खतरनाक तर शक्तिशाली सत्य उजागर गरिदियो, जनतालाई, विशेषगरी नयाँ पुस्तालाई, लामो समयसम्म मौन गराइराख्न सकिँदैन ।

राजनीतिक परिवर्तनपश्चात देखिएको अवस्था बहुआयामिक छ । सडकमा रक्तपात, बलिदान र आक्रोशको घाउ ताजा छ। सत्ताबाट तस्करी गरेर बाँचिरहेका पुराना दलहरू शिथिल बनेका छन्। उनीहरूको प्रचार, नारा र विचारलाई आजको पुस्ताले ठाडो चुनौती दिएको छ । संसद् भत्किएको छ, सरकार अन्तरिम अवस्थामा छ, तर मुलुकको भविष्य यहीँबाट नयाँ दिशा लिन सक्छ वा फेरि अन्धकारतिर धकेलिन सक्छ भन्ने प्रश्न उठ्न थालेको छ ।

अन्तरिम सरकार बने पनि नागरिकको शंका मेटिएको छैन । सडकमा उत्रिएका युवाहरूलाई केवल नेतृत्व फेरिएको देखेर सन्तुष्टि छैन । उनीहरूलाई संरचनात्मक सुधार चाहिएको छ -न्याय प्रणालीमा विश्वास पुनर्स्थापित होस्, शिक्षा र स्वास्थ्यलाई पहुँचयोग्य बनाइयोस्, भ्रष्टाचारलाई दण्डित गरियोस् र अवसर सबैलाई बराबरी वितरण होस् । यदि अन्तरिम सरकारले यी मुद्दा सम्बोधन गर्न सकेन भने आन्दोलन फेरि पनि भड्किन सक्छ ।

तर परिवर्तनसँगै अवसर पनि जन्मिएको छ । दशकौँसम्म पुराना पार्टीहरूले कब्जा गरेको राजनीतिमा पहिलोपटक युवा चेतनाले गहिरो धक्का दिएको छ । यसले विश्वभर सन्देश पठाएको छ कि नेपालको नयाँ पुस्ता केवल 'भोट बैंक' होइन, बरु 'निर्णायक शक्ति' हो। उनीहरूको उठानले अन्य मुलुकका युवाहरूलाई पनि प्रेरित गर्न सक्छ ।

तर, खतरा त्यति नै ठुलो छ। यदि नेतृत्व फेरि पुरानै ढर्रामा गयो भने जनतामा निराशा अझ प्रचण्ड विस्फोटको रूप लिन सक्छ । आज इतिहासले नेपाललाई एउटा अवसर दिएको छ, जहाँ जनचेतना र संस्थागत सुधारबीच सन्तुलन खोज्न सकिन्छ ।

यो परिवर्तनपछिको अवस्था केवल अस्थायी अन्तरिम सरकारको सवाल होइन, बरु नयाँ नेपाल जन्मिने कि पुरानै घाउ बल्झिने भन्ने निर्णायक क्षण हो । अबको राजनीति केवल दलको भागबन्डाको विषय बनेर रोकियो भने देश फेरि संकटतिर धकेलिनेछ। तर, यदि जनताको आक्रोशलाई नयाँ संवैधानिक अभ्यास, न्यायिक सुधार र पारदर्शी शासनमा परिणत गर्न सकियो भने, यो आन्दोलन नेपालको भविष्यको सबैभन्दा ठुलो वरदान बन्न सक्छ ।

नेपालको पछिल्लो अध्याय, विशेषगरी जेनजी आन्दोलन र त्यसपछि देखिएको राजनीतिक परिदृश्य, केवल शासन परिवर्तनको कुरा मात्र होइन। यो पुस्तागत विद्रोह र संरचनागत असफलताको खुला प्रमाण हो। सोमबार र मंगलबारका घटनाले देशको राजनीतिक नांगोपनलाई उजागर गरिदियो । सत्ताको उन्मादमा अन्धा बनेका दल र सरकारको प्राथमिकता नागरिकको जीवन होइन, आफ्नो शक्ति सुरक्षित राख्नु मात्र रह्यो । यही कारण शान्तिपूर्ण प्रदर्शनलाई गोली र लाठीको भाषा बोलियो, रगत बगाइयो, दर्जनौँभन्दा बढी युवा सहिद भए। कैयौँ घाइते अझै अस्पतालमा छन् ।

तर रक्तपातले आन्दोलनलाई दबाएन, बरु त्यसलाई ग्रामीण सडकसम्म पुर्याइदियो । काठमाडौँको चोकमा उठेको आवाज अहिले गाउँको चौतारीमा प्रतिध्वनित भइरहेको छ । पहिले सहरको मात्र मुद्दा भन्ने गरी उपेक्षित गरिएका मागहरू आज गाउँलेहरूको रगत र पसिनासँग मिसिएका छन्। असन्तुष्टि अब कुनै निश्चित घेराभन्दा बाहिर निस्किएको छ। यसले खेतबारीमा काम गर्ने किसानलाई, विद्यालयमा पढ्ने विद्यार्थीलाई, र परदेशिएका युवाको परिवारलाई पनि छोएको छ । राज्यको विश्वास गहिरो संकटमा परेको छ । यो आन्दोलनले दीर्घकालीन रूपमा ३ वटा प्रभाव अवश्य छोड्नेछ भन्ने अनुमान गर्न गाह्रो छैन ।

पहिलो, दलप्रतिको भरोसा झन् कमजोर हुँदै जानेछ। जसरी राणा, पञ्चायत र बहुदलीय कालखण्डले आफ्ना सीमाहरू पार गरेर पतन बेहोरे, वर्तमान दलतन्त्र पनि त्यही बाटोतर्फ अघि बढिरहेको छ । दोस्रो, जेनजी पुस्ताको चेतनाले नयाँ राजनीतिक विकल्प जन्माउनेछ । यो पुस्ता केवल सडकमा नाराबाजी गर्न सीमित छैन, उनीहरू डिजिटल प्लेटफर्ममा संगठित, अन्तर्राष्ट्रिय नेटवर्कमा जडित र निरन्तर संवादमा रहने क्षमता भएका छन् ।

तेस्रो, ग्रामीण तहमा फैलिएको असन्तुष्टि अब कुनै दल वा नेताको नियन्त्रणमा रहने छैन । यसले दीर्घकालीन रूपमा शक्ति केन्द्रित राजधानीको सन्तुलन तोड्नेछ र स्थानीय चेतनालाई राष्ट्रिय एजेन्डा बनाउन बाध्य पार्नेछ। तर, अवसर पनि त्यत्तिकै ठुलो छ ।

यदि अन्तरिम सरकारले आफ्ना पहिलो निर्णयमै भ्रष्टाचारविरुद्ध कडा कदम चाल्यो, जनताको मागलाई संस्थागत सुधारमा परिणत गर्यो र न्यायिक निष्पक्षता देखाउन सफल भयो भने, यो आन्दोलनले नयाँ युगको ढोका खोल्न सक्छ। तर यदि फेरि पुरानै ढर्रामा, पुरानै अनुहारहरूको खेल चलाइयो भने, यो पुस्ताले अझ कठोर, अझ गहिरो विद्रोहको बाटो रोज्नेछ - जसको परिणाम अझै भयावह हुनसक्छ ।

राजधानीदेखि गाउँसम्म फैलिएको आक्रोश आज नेपालका सत्ताधारी वर्गका लागि चेतावनी बनेको छ। इतिहासले यसअघि पनि पटकपटक चेतावनी दिएको थियो, तर सत्ता सुनसान खेलमै रमाइरह्यो । अबको अवस्था भने भिन्न छ - सत्ताको गल्ती अब सजिलै माफ हुने छैन, र मौन बस्ने पुस्ता अब मौन बस्नेवाला छैन ।

यसपटकको उथलपुथल कुनै दलको आन्तरिक कलह वा नेतृत्वको स्वार्थी द्वन्द्व मात्र होइन, यो पुस्तागत विद्रोह हो, जसलाई रोक्ने शक्ति न त दलसँग छ, न त राज्य संयन्त्रसँग । सत्ताले आफ्नै हैसियत गुमाइसकेको छ, प्रहरी प्रशासन हतोत्साहित देखिन्छ, सेनासमेत मौन अवलोकनकर्ताजस्तै मात्र बाँकी छ । यस्तो अवस्थामा आन्दोलनकारी जेनजी पुस्ताले संयमता गुमाउने हो भने मुलुक अर्को भयावह दुर्घटनामा धकेलिने निश्चित छ ।

यस आन्दोलनको तरंग नेपालमै सीमित छैन । विश्वका शक्ति केन्द्रहरूले यसलाई सूक्ष्म दृष्टिले नियालिरहेका छन् । किनभने यो केबल राजनीतिक आन्दोलन होइन, यो पुस्तागत चेतनाको बिस्फोट हो। सामाजिक सञ्जाल, प्रविधि र वैश्विक चेतनाले जोडिएको यो पुस्ता केवल नेपालको सन्दर्भमा मात्र सीमित छैन, विश्वकै भविष्यको संकेत हो । जुन शक्ति वा नेतृत्वले उनीहरूको आवाजलाई बेवास्ता गर्छ, तिनको अस्तित्व दीर्घकालीन हुन सक्दैन भन्ने कठोर सत्य नेपालका घटनाले देखाइदिएको छ ।

नेपालले संसारलाई एउटा ठुलो शिक्षा दिएको छ, युवापुस्तालाई दमन गरेर शान्त राख्न सकिँदैन । हरेक गोली, हरेक लाठी प्रहारले उनीहरूलाई अझ बलियो, अझ दृढ बनाउँछ। तर उनीहरूको ऊर्जा नियन्त्रण बाहिर गयो भने, त्यो देशलाई भस्म पार्ने ज्वालामा परिणत हुन्छ। त्यसैले संवाद, समावेशिता र सहभागिता नै यो संकटको एक मात्र निकास हो । राजनीतिक दलहरूले यो सन्देश बुझ्नैपर्छ। जेनजी पुस्ता केवल सडकमा उभिने नाराबाज समूह होइन । उनीहरू शिक्षित छन्, प्रविधिमा पारंगत छन्, वैकल्पिक सोचसहित सज्जित छन् । उनीहरूले आफूलाई सत्ता संरचनामा देख्न चाहन्छन्, केवल दर्शकको हैसियतमा होइन ।

दलहरूले यदि अझै पनि उनीहरूको आवाजलाई उपेक्षा गरे भने, दल स्वयं इतिहासको पाना मात्रै बन्नेछन् । नेपालको राजनीति फेरि पनि एउटा निर्णायक मोडमा आइपुगेको छ, तर यसपटकको यात्रा अघिल्लाभन्दा फरक छ। विगतमा परिवर्तनका आन्दोलनहरू प्रायः दलहरूले आफ्नो अस्तित्व सुरक्षित गर्न, नयाँ शक्ति समात्न वा पुरानो सत्ता उल्ट्याउन चलाएका थिए। तर अहिले उठेको जेनजी पुस्ताको आन्दोलन भने मौलिक छ, यो युवाको भविष्यसँग गाँसिएको छ, जसले व्यक्तिगत आकांक्षा मात्र होइन, मुलुककै दीर्घकालीन आधारभूत स्वरूपलाई प्रश्न गरेको छ ।

विगत केही दशकको इतिहासले देखाएको छ, जब-जब युवाहरूलाई निराश बनाइयो, जब-जब उनीहरूको आशालाई लत्याइयो, मुलुक संकटमा पर्यो। २०४६ सालमा युवाहरूले लोकतन्त्रको झण्डा उठाए, तर त्यसलाई दलहरूले आफ्नो भागबन्डा र स्वार्थको खेल बनाइदिए । २०६२/०६३ को जनआन्दोलनमा फेरि युवा सडकमा उत्रिए, सहिद भए, बलिदान दिए, तर परिणाम स्वरूप देश दलहरूको भ्रष्टाचार र नेतृत्वविहीनतामा अल्झियो। आज फेरि त्यही इतिहास पुनः दोहरिएको छ, तर फरक यही हो कि अहिलेको पुस्ता अघिल्लाभन्दा बढी सचेत, बढी प्रविधि सम्पन्न र बढी अन्तर्राष्ट्रिय चेतनासँग जडित छ ।

**सुचना ! सुचना ! सुचना !**

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**आलिताल गाउँपालिका**
**वडा नं. ७ को कार्यालय**
**डडेल्धुरा**

**पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश**

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**पाटन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाटन बैतडी**

लाल बिगूल राष्ट्रिय दैनिक
२०८२ साल भाद्र ३१ मंगलवार


## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**


# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरु

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई
डडेल्धुरा अस्पताल डडेल्धुरा



## सुचना ! सुचना ! सुचना !

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

अजयमेरू गाउँपालिका
वडा नं. २ को कार्यालय
डडेल्धुरा



## मालपोत कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- आफ्नो जग्गाधनी दर्ता, नामसारी, क्षेत्रफरक, मोही नाम काट्टा लगायतका कामहरू समयमै गरौं
- आफ्नो जग्गाको फरक नाप तथा सिमाना प्रष्ट राखी भविष्यमा हुने विवादबाट जोगिऔं ।
- मालपोत तिर्नु नागरिकको कर्तव्य हो, समयमै मालपोत बुझाएर जरिवाना र झन्झटबाट बचौं ।
- मालपोत सम्बन्धी सेवा लिन आउँदा आवश्यक कागजातहरू साथमा ल्याई सेवा छिटो पाउँ ।
- अनलाइन सेवा सुविधा प्रयोग गरी घरमै बसेर मालपोतको पूर्व जानकारी लिई समय र खर्च बचत गरौं ।
- सरकारी कर तथा दस्तुर तोकिएको मापदण्डअनुसार मात्र बुझौं, अनावश्यक शुल्क तिर्न बाध्य नहौं ।
- हाम्रो उद्देश्यः जनताको हक-अधिकार संरक्षण गर्दै पारदर्शी, सहज र छिटो सेवा प्रदान गर्नु हो ।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, डडेलधुरा


# पछिको राजनीतिक परिदृश्य

राजनीतिक परिवर्तन पछिको अवस्था अस्थिर, संवेदनशील र जोखिमपूर्ण छ। सत्ताले आफ्नो नैतिक बल गुमाइसकेको छ, प्रहरी र प्रशासन निष्क्रिय छन्, सेनासमेत मौन छ । यसबीच आन्दोलनकारी युवाहरूले संयमता गुमाए भने, हिंसा र अराजकता देशलाई भयानक दुर्घटनामा धकेल्नेछ। सरकारी संरचना जलाउने, नेताहरूलाई आक्रमण गर्ने वा अराजक गतिविधिमा मुछिने खतराले आन्दोलनको नैतिकता कमजोर पार्न सक्छ। अनि फेरि पुराना शक्तिहरू 'व्यवस्था बचाउन' को नाममा दमनकारी भूमिकामा फर्कन सक्छन् । तर संकटसँगै अवसर पनि छ । यदि यही युवापुस्ताले आफ्नो आक्रोशलाई नियन्त्रण गरेर आन्दोलनलाई सकारात्मक दिशातर्फ मोड्यो भने, मुलुकमा दीर्घकालीन परिवर्तनको जग बस्न सक्छ ।संवाद, समावेशिता र सहभागितामार्फतै यस आन्दोलनले न्यायसंगत, पारदर्शी र उत्तरदायी राज्य संरचनाको खाका कोर्न सक्छ । यो आन्दोलन केबल सरकार बदल्ने कुरा होइन, यसले संविधान, नीति, प्रशासनिक संरचना र न्याय प्रणालीलाई नै पुनर्संरचना गर्ने सम्भावना बोकेको छ ।

राजनीतिक दलहरूले बुझ्नुपर्ने कुरा यही हो, युवा केबल नारा चिच्याउने वा भोट हाल्ने साधन होइनन् । उनीहरू सचेत नागरिक हुन्, जसले निर्णय लिन सक्छन्, सत्ता उल्ट्याउन सक्छन्, र नयाँ संरचना बनाउन सक्छन् । आजको जेन्जी पुस्ताले स्पष्ट सन्देश दिएको छ। अब दमनले होइन, संवादले मात्र व्यवस्था टिक्छ ।


## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा


व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा

# बझाङको दुर्गाथली गाउँपालिकाले शहीद परिवारलाई १-१ लाख दिने घोषणा

**बिगुल समाचार**
**३१ भाद्र २०८२**

बझाङ । बझाङ जिल्लाको दुर्गाथली गाउँपालिकाले हालै सम्पन्न Gen-Z आन्दोलनमा ज्यान गुमाएका दुई जना शहीदका परिवारलाई १-१ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ।




गाउँपालिकाले भदौ २२ र २३ गतेको आन्दोलनलाई नेपालको राजनैतिक इतिहासमा ऐतिहासिक परिवर्तनको आधारशिला भएको उल्लेख गर्दै, आन्दोलनमा सहादत प्राप्त गर्ने दुर्गाथली गाउँपालिका का स्व. भीम धामी र खप्तडछान्नाका स्व. सुबास बोहराप्रति श्रद्धाञ्जलि अर्पण गरेको छ।

साथै, आन्दोलनमा घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेको छ।

गाउँपालिका अध्यक्ष दिलबहादुर थापाले एक विज्ञप्ति जारी गर्दै शहीदहरूले दिएको बलिदानलाई सदैव स्मरण गर्ने प्रतिवद्धता जनाएका छन्।

गाउँकार्यपालिकाको निर्णयअनुसार शहीद परिवारलाई तत्काल १-१ लाख रुपैयाँ राहात उपलब्ध गराउने निर्णय गरिएको अध्यक्ष थाापाले बताए।

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लेक, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा